गौर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गौर, रौतहट ।

## सेवा करारमा कर्मचारी पदपुर्ति सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति २०७९/१०/१२**

सुरक्षित आप्रवासन (सामी) कार्यक्रम नेपाल सरकार र स्वीस सरकार बीचको द्विपक्षीय सम्झौता अनुसार संचालित कार्यक्रम हो । यो कार्यक्रम श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र स्थानिय सरकारहरुको नेतृत्वमा सहयोग उपलब्ध गराइरहरेको छ ।

यस सामी कार्यक्रम अन्तर्गत रौतहट जिल्लामा सुरक्षित वैदेशिक रोजगार सम्बन्धी आप्रवासी स्रोत केन्द्र संचालन गर्न तथा गौर नगरपालिकामा वैदेशिक रोजगार सम्बन्धी सचेतीकरणका कार्यक्रमहरु संचालन गर्नका लागि निम्नानुसारको जनशक्तिको आवश्यकता परेको हुनाले योग्य अनुभवी नेपाली नागरिकहरुबाट तल उल्लेखित पदका लागि यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र दर्ता हुने गरी दरखास्त आह्वान गरिएको छ । पदपुर्ति सम्बन्धी अन्य व्यवस्था सुरक्षित आप्रवासन कार्यक्रम संचालन मार्गदर्शन, २०७९ र गौर नगरपालिकाको करारमा प्राविधिक लगायतका कर्मचारी व्यवस्थापन गर्ने कार्यविधि, २०७४ बमोजिम हुनेछ ।

| क्र.सं. | विज्ञापन नं. | पद | पद संख्या | योग्यता |
|---|---|---|---|---|
| १ | १/२०७९/०८० | कार्यक्रम संयोजक | १ | मानवीकी तथा सामाजिक संकाय, व्यवस्थापन, कानुन वा सम्बन्धित अन्य विषयमा कम्तीमा स्नातक तह उतीर्ण गरी कम्तीमा २ वर्ष अधिकृत वा सो भन्दा माथिको पदमा रहि कार्य गरेको अनुभव, सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता दिईनेछ । उमेरको सन्दर्भमा १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको । |
| २ | २/२०७९/०८० | सामाजिक परिचालन अधिकृत | १ | न्युनतम स्नातक तह उतिर्ण गरी सामाजिक परिचालन र परामर्श कर्ताको क्षेत्रमा कार्य अनुभव भएको ।वैदेशिक रोजगारको अनुभव भएको र सामाजिक परिचालन सम्बन्धी तालिम लिएकोलाई प्राथमिकता दिईनेछ । उमेरको सन्दर्भमा १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको । |
| ३ | ३/२०७९/०८० | आप्रवासी स्रोत केन्द्र परामर्शकर्ता | २ | न्युनतम प्रवीणता प्रमाणपत्र तह वा १०+२ उतिर्ण गरी परामर्श कार्य वा सामाजिक परिचालनमा कार्यानुभव भएको । साथै स्थानीय भाषा जानेको सुरक्षित वैदेशिक रोजगारीको श्रेत्रमा काम गरेको वा कानुन विषयमा शैक्षिक योग्यता भएकालाई प्राथमिकता दिईनेछ । उमेरको सन्दर्भमा १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको । |
| ४ | ४/२०७९/०८० | मनोसामाजिक परामर्शकर्ता | १ | कम्तिमा प्रविणता प्रमाणपत्र तह वा १०+२ वा सो सरह उतिर्ण गरी मनोसामाजिक परामर्श सम्बन्धी ६ |

| | | | | |
|---|---|---|---|---|
| | | | | महिने तालिम लिई सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेको । वा मान्यता प्राप्त शैक्षिक संस्थाबाट हेल्थ असिस्टेन्ट, स्टाफ नर्स वा मान्यता प्राप्त विश्व विद्यालयबाट पब्लिक हेल्थ, मनोविज्ञान, समाजशास्त्र, सोसिएल वर्कमा स्नातक तह, बि.एड. स्वास्थ्य शिक्षा पोष्ट ग्राजुएट डिप्लोमा इन काउन्सेलिङ्ग उतीर्ण गरेको । मनोसामाजिक परामर्श सम्बन्धी तालिम प्राप्त गरी सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता दिईनेछ । अनुभवी र महिलालाई विशेष प्राथमिकता दिईनेछ । उमेरको सन्दर्भमा १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको । |
| ५ | ५/२०७९/०८० | वित्तिय साक्षरता सहजकर्ता | १ | न्युनतम प्रवीणता प्रमाण पत्र तह वा १०+२ उत्तिर्ण, प्रौढ शिक्षा वा बयस्क साक्षरता वा अध्यापनमा अनुभव भएको, सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता दिईनेछ । |
| ६ | ६/२०७९/०८० | रिटर्नी स्वयंसेवक (आंशिक) | ३ | न्युनतम कक्षा १० पास गरी वैदेशिक रोजगार (खाडी मुलुक र मलेसिया) मा गई काम गरेको अनुभव भएको । सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता दिईनेछ । उमेरको सन्दर्भमा १८ वर्ष भई पुरा ४० वर्ष ननाघेको । |

**कार्य अवधिः** हाललाई २०८० असार मसान्त सम्म, कार्यक्रमको आवश्यकता तथा कार्य सम्पादनको आधारमा नवीकरण हुन सक्नेछ ।

**छनौटको किसिमः** अन्तरवार्ता ।

**अन्तरवार्ता हुने मिति र समयः २०७९/१०/१९ गते दिनको ३:३० बजे ।**

**तलब तथा अन्य सुविधाः** नगरपालिकाले तोके बमोजिम हुनेछ ।

**आवश्यक कागजातहरुः** माथि उल्लेखित योग्यता पुगेका इच्छुक नागरिकहरुले नेपाली नागरिकताको प्रमाणपत्र प्रतिलिपि, अनुभवको प्रमाणपत्रको प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि र पासपोर्ट साईजको ३ प्रति फोटोको साथमा आफुले आवेदन गर्न चाहेको पद प्रष्ट रुपमा खुलाई नगरपालिकाबाट प्राप्त दरखास्त फारम सहित गौर नगरपालिकामा पेश गर्नु पर्नेछ । तोकिएको समय भन्दा पछि आएका आवेदनहरुलाई छनौट प्रक्रियामा समावेश गरिने छैन।

**नोटः** आवेदन बुझाउने अन्तिम दिन सार्वजनिक विदा परेमा विदा पछिको कार्यालय खुलेको पहिलो दिन ।

**सम्बन्धीत कार्यक्रममा निरन्तरता कार्य गरेको हकमा उमेर हद लागु हुने छैन।**

१०/१२

(सुभाष कुमार ठाकुर)

नि. प्रमुख प्रशासकीय अधिकृत